नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# युवा तथा साना व्यवसायी स्वरोजगार कोषको

## सहकार्यमा आधारित साझेदारी कार्यक्रम अन्तर्गत काठमाडौं महानगरपालिका भित्रका थोक कर्जा लिन चाहने सहकारी संस्थाहरुलाई जरुरी सूचना

प्रकाशित मिति :२०८३/०१/१०

कोष र काठमाडौं महानगरपालिकाबीच साझेदारी कार्यक्रम सम्झौता भएबमोजिम कोषले काठमाडौं महानगरपालिका भित्रका बेरोजगार युवाहरुलाई स्वरोजगार बनाउने उदेश्यले काठमाडौं महानगरपालिका कार्यक्षेत्र भएका कोषको मापदण्डहरु पूरा गरेका इच्छुक सहकारी संस्थाहरुले तोकिएका कागजात संलग्न राखी १५ दिनभित्र अर्थात् २०८३ वैशाख २४ गते बिहीवारका दिन कार्यालय समयभित्र कर्जा प्रस्ताव फारम पूर्ण रुपमा भरी कोषको कार्यालय कुपण्डोल, ललितपुरमा कर्जा माग प्रस्ताव पेश गर्नहुन सूचना आहवान गरिएको छ। सूचनाको अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कर्जा प्रस्ताव पेश गर्न सकिनेछ।

१. **कर्जा प्रस्ताव पेश गर्ने सहकारी संस्थाहरुले पुरा गर्नुपर्ने मापदण्डहरु:**

(क) संस्थाको कार्यक्षेत्र, शेयर पुंजी, सदस्य संख्या र सञ्चालन अवधि

| क. सं. | कार्यक्षेत्र | शेयर पुंजी (लाखमा) | शेयर सदस्य संख्या (जना) | सञ्चालन अवधि (वर्ष) |
|---|---|---|---|---|
| १ | महानगरपालिका | ३५ | ५५० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले दुई वर्ष पूरा गरेको एवं आ.व. २०८०/८१ र २०८१/८२ मा नाफामा रहेको। |
| २ | महानगरपालिकामा उत्पादनमूलक/महिला द्धारा सञ्चालित | १० | २०० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले दुई वर्ष पूरा गरेको एवं आ.व. २०८१/८२ मा नाफामा रहेको। |

(ख) २०८२ आषाढ मसान्तसम्मको लेखापरीक्षण सम्पन्न भई संस्था सञ्चित नोक्सानीमा नरहेको हुनु पर्नेछ।

(ग) आ. व. २०८१/८२ मा भाखा नाघेको ऋण कूल ऋण लगानीको ५ प्रतिशतभन्दा बढी नभएको हुनु पर्नेछ।

(घ) सञ्चालक समिति, लेखा समिति र ऋण उप-समितिका सदस्य तथा पदाधिकारीहरु सहकारी संस्थाको कार्यक्षेत्रभित्र स्थायी बसोबास गरेको प्रमाण (नागरिकता प्रमाणपत्र/राष्ट्रिय परिचय पत्र, मतदाता परिचयपत्र वा जग्गाधनी प्रमाणपूर्जाको छाँयाप्रति) हुनु पर्नेछ। बसाईसरी आएकाको हकमा स्थानीय पञ्जिकाधिकारीको सिफारिस पेश गर्नु पर्नेछ।

(ङ) संस्था काठमाडौं महानगरपालिकामा कार्यालय खोली नियमित रुपमा कार्यसञ्चालन गरेको हुनु पर्नेछ।

२. **संस्थाले प्रमाणित गरी पेश गर्नुपर्ने कागजातहरु :**

(क) आ. व. २०८०/८१ र २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन (वासलात, नाफा नोक्सान हिसाब, नगदप्रवाह विवरण, लेखानीति तथा टिप्पणी र सोको अनुसूचीहरु), लेखापरीक्षकको संस्था दर्ता नवीकरण प्रमाणपत्र, पछिल्लो आ.व. को करचुक्ताको छाँयाप्रति पेश गर्नु पर्नेछ।

(ख) बचत तथा ऋण र बहुउदेश्यीय तथा रु. १ करोड भन्दा बढी कारोबार गर्ने सहकारी संस्थाहरुको हकमा आर्थिक वर्ष २०८१/८२ को लामोफारम (लङ्गफर्म) र पर्ल्स प्रतिवेदन पेश गर्नु पर्नेछ।

(ग) कोषको कर्जा प्रस्ताव फारम पूर्णरुपमा भरी प्रत्येक पानामा अध्यक्ष र व्यवस्थापकले हस्ताक्षर गरी संस्थाको छाप लगाएको हुनु पर्नेछ।

(घ) सहकारी संस्थाले साझेदारी कार्यक्रमका लागि नियमित सञ्चालनमा रहेको तथा आफ्नो कार्यक्षेत्रभित्र लगानी गर्ने गरी वडा/काठमाडौं महानगरपालिकाको सिफारिस गरेको पत्र पेश गर्नु पर्नेछ।

(ङ) सहकारी संस्थाको सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, संस्थाको आफ्नै घरजग्गा भए सोको प्रमाण र सञ्चालक, लेखा, कर्जा उप-समिति र व्यवस्थापकको नाममा रहेको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि एवम् उक्त जग्गाको चालु आ. व. को तिरो तिरेको रसिदको प्रतिलिपि, सञ्चालक, लेखा, कर्जा उप-समिति र व्यवस्थापक तथा सदस्यहरुको आफ्नो नाममा घरजग्गा नभएमा एकाघरपरिवारको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि, आफ्नो वा एकाघरपरिवारका सदस्यको नाममा कुनै घरजग्गा नभएकाको हकमा महानगरपालिकाबाट स्वीकृत लिई बसोबास गरेको घरजग्गाको जिम्मा र सोबारे महानगरपालिकाले गरेको सिफारिस पेश गर्नु पर्नेछ।

(च) संस्थाको आफ्नो कार्यालय भवन नभएमा कार्यालय सञ्चालन भएको घर बहाल सम्झौता पत्र पेश गर्नु पर्नेछ।

(छ) संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नं., आ.व. २०८०/८१ र २०८१/८२ को कर चुक्ता प्रमाणपत्र र विनियमको प्रतिलिपि पेश गर्नु पर्नेछ।

३. <u>सहकारीका सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समितिले निर्णय गरी पेश गर्नुपर्ने कागजातहरु :</u>

(क) समितिका सदस्यहरुले स्वरोजगार कर्जा माग गर्ने निर्णय र आफ्नो कार्यक्षेत्रभित्र स्थायी बसोबास गर्ने बेरोजगार तथा साना व्यवसायीहरुलाई शेयर सदस्य बनाई स्वरोजगार बनाउने प्रतिबद्धता।

(ख) "कोषको रकम पूर्ण रुपमा सदुपयोग गरी साँवा ब्याज फिर्ता गर्न मञ्जुर गरी सो अनुसार कोषमा रकम दाखिला नगरेमा आफ्नो र एकाघरपरिवारका सदस्यको नाममा भएको चलअचल सम्पत्ति जायजेथाबाट असूल-उपर गरेमा मञ्जुर छ। कर्जा दुरुपयोग गरेमा वा समयमा कोषमा साँवा ब्याज फिर्ता नगरेमा सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरुलाई नेपाल सरकारबाट दिने सुविधाबाट बञ्चित गर्ने, कालोसूचीमा राख्ने, बैंक खाता रोक्का गर्ने, सरकारी धन मासेसरह कारवाही गर्ने लगायतका प्रचलित कानून बमोजिम कारवाही गरी नेपाल सरकारको रकम असूल गरेमा मञ्जुर छ" भन्ने व्यहोराको व्यक्तिगत/सामूहिक मञ्जुरीनामाको निर्णय।

(ग) सहकारी संस्था एवम् सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरु कालोसूचीमा परे/नपरेको व्यहोराको स्व-घोषणा।

(घ) सहकारी संस्थाले बैंक/वित्तीय संस्था वा अन्य कुनै संस्थाबाट कर्जा लिएको भएमा सोको सम्बन्धित संस्थाबाट लिएको साख सूचना। नलिएको भएमा कर्जा नलिएको स्व-घोषणा।

(ङ) युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कर्जा लगानी, अनुगमन तथा असूली गर्नेबारे संस्थाको सञ्चालक समितिले पारित गरेको निर्णय।

४. <u>कोषसँग पुन: कर्जा कारोवार गर्न इच्छुक संस्थाहरुले पूरा गर्नुपर्ने मापदण्डहरु :</u>

यसअघि कोषको कर्जा लिई समयमै सम्पूर्ण कर्जा चुक्ता गरेका सहकारी संस्थाको हकमा पुन: कर्जा माग गर्न चाहेमा कोषलाई बुझाउनुपर्ने रकम नियमित रुपमा बुझाएको हुनु पर्नेछ र तीन किस्ता भन्दा बढी अवधि भाखा नाघेको हुनु हुँदैन। साथै कर्जा प्रस्ताव फारम र सूचनाको बुँदा नं. "१, २ र ३" मा उल्लेखित विवरणहरु अनिवार्य पेश गर्नु पर्नेछ।

५. <u>प्रस्ताव मूल्याङ्कन, छनौट र कर्जाको सीमा:</u>

पेश भएका प्रस्तावहरु कोषको नियमानुसार स्थलगत निरीक्षण गरी सिफारिस भएपछि कोषबाट आवश्यक मूल्याङ्कन गरी बढीमा रु. १ करोडसम्म कर्जा स्वीकृत गर्न सकिनेछ।

६. उपर्युक्त अनुसार कर्जा प्रस्ताव फारम पूर्ण नभरिएका, मापदण्ड पूरा नगरेका, कागजात नपुगेका संस्थाहरुको कर्जा प्रस्ताव स्वत: रद्द भएको मानिनेछ।

७. कर्जा स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार कोषमा निहित रहनेछ।

८. कर्जा प्रस्ताव फारम कोष सचिवालयको वेबसाईट www.ysef.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**पुनश्च: बैंक तथा वित्तीय संस्थाहरुले साझेदारी कार्यक्रम अन्तर्गत थोक कर्जा लिनका लागि कोषको कार्यालयमा प्रस्ताव पेश गर्न सक्नेछन्।**

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
युवा तथा साना व्यवसायी स्वरोजगार कोष